देवचुली नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनमा

नगरप्रमुख श्री हरिप्रसाद न्यौपानेद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को

# नीति तथा कार्यक्रम

## देवचुली नगरपालिका

**प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

**विक्रम संवत् २०८१ साल असार ७ गते शुक्रबार ।**

# देवचुली नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरसभा सदस्यहरु,

देवचुली नगरपालिकाको दोस्रो नगरसभाको पाँचौ अधिवेशनमा हार्दिक स्वागत गर्न चाहान्छु ।

देवचुली नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ । यस अवसरमा नेपालको राष्ट्रिय अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु। देवचुलीको समृद्धिमा योगदान पुर्याउनु हुने सम्पूर्ण व्यक्तित्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

देवचुली नगरपालिका संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीचमा समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्तलाई आत्मसात गर्दै संविधानको कार्यान्वयन, संघीयता, सबलिकरण, आर्थिक सामाजिक रुपान्तरण सहित समतामूलक समाज निर्माण तथा दिगो विकासका लक्ष्य प्राप्तीमा प्रतिबद्ध छ ।

संविधान र संघीयता कार्यान्वयनका महत्वपूर्ण आधारहरु निर्माण गरी राजनीतिक संक्रमणकालको अन्त्य गर्दै देशलाई राजनीतिक स्थायित्वको दिशातर्फ अग्रसर गराउने चरणमा भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको हैसियतमा हामीले व्तितित गरेको यो दुई वर्षको कार्यकालमा समग्र नगरपालिकाको विकास एवम् नगरबासीको आकाक्षां परिपूर्ति गर्नमा समर्पित भइरहेको तथा नगरवासीका आधारभूत आवश्यकताका अतिरिक्त शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका मौलिक हकहरुको सवालमा देवचुली नगरपालिका गम्भिर रहेको छ ।

नगरसभा सदस्यज्यूहरु,

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्य प्रचलित कानून, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशन, नीति, आवधिक योजना र दिगो विकासका लक्ष्यहरु तथा यस नगरपालिकाको नगरसभा र नगरकार्यपालिकाले स्वीकृत गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड र नीतिगत निर्णयहरु तथा देवचुली नगरपालिकाको विकासको मौजुदा अवस्था, स्रोत साधन र जनभावनालाई आत्मसात् गरेर विभिन्न क्षेत्रबाट राय सुझाव समेत प्राप्त गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

उपलब्ध स्रोत साधनको व्यवस्थित र उच्चतम परिचालन गर्दै स्वरोजगारी सिर्जना गर्न तथा कृषि उत्पादनमा आत्मनिर्भर उन्मुख बनाउँदै सन्तुलित विकासमा प्राथमिकता दिइएको छ।आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहनेमा विश्वस्त छु ।

नगर सभाका सदस्यज्यूहरु अब म नगरपालिकाका आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्दछु ।

## क) सामाजिक विकास क्षेत्र

### शिक्षाः

१. शिक्षा क्षेत्रको समग्र विकासको लागि शिक्षा सुधार कोषको निर्माण, व्यवस्थापन र परिचालन गरिनेछ ।

२. बालविकास कक्षामा शिक्षक तथा विद्यार्थी क्षमता विकास कार्यक्रमसँगै बालमैत्री सिकाइ र बसाई व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

३. झोलाविहिन शुक्रवार तथा विद्यालय करेसाबारी कार्यक्रम, व्यवहारिक सीप विकास, फोहोरमैला व्यवस्थापन लगायतका प्रयोगात्मक सिकाई एवम्  विद्यार्थीहरुलाई श्रमप्रति आकर्षित गर्ने कार्यमा जोड दिइनेछ।

४. आन्तरिक शिक्षक दरबन्दी मिलान तथा  शिक्षकहरुको पेशागत विकासलाई प्राथमिकता दिदै विद्यालयहरुबीच असल अभ्याँस आदानप्रदान एवम् प्रविधिमैत्री शिक्षणको लागि तालिम तथा प्रशिक्षण सञ्चालन गरी शिक्षामा गुणस्तर अभिवृद्धि गरिनेछ ।

५. शिक्षकको भैपरी आउने समस्या समाधान गरी शिक्षण पेशा प्रति अभिरुचि जगाउन शिक्षक सापटी सहायता कार्यक्रम लागु गरिनेछ ।

६. हरेक विद्यालयमा ई हाजिरी तथा सि.सि.टि.भी. जडान गरी  शैक्षिक सुशासनलाई थप प्रभावकारी बनाइनेछ ।

७. शिक्षक तथा विद्यार्थीको क्षमता र प्रतिभा विकासको लागि अतिरिक्त कृयाकलापसँगै विद्यार्थीहरुलाई  सीप मेला एवम् विज्ञान प्रदर्शनी लगायत कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सामुदायिक सिकाइ केन्द्र मार्फत निरन्तर शिक्षामा जोड दिइनेछ ।

९. बाल विकास सहजकर्ता, लेखापाल, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रका परिचालिकाको सुविधा थपलाई निरन्तरता दिइनेछ ।

१०. विपन्न तथा जेहेन्दार विद्यार्थीहरु तथा माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान पढ्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्न छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

११. सिप सहितको नमुना विद्यालय कार्यक्रम मार्फत  शिक्षालाई उत्पादनमुलक बनाउन कृषी, पशुपालन तथा सीपमूलक कृयाकलापमा जोड दिइनेछ।

१२. स्थानीय पाठ्यक्रम मार्फत विद्यार्थीलाई सामाजिक मूल्य मान्यता र संस्कार सम्बन्धी व्यवहारिक ज्ञान दिइने तथा स्थानीय पाठ्य सामाग्रीहरुको विद्युतीय अभिलेख (डिजिटाइजेसन) तयार गर्ने कार्यको सुरुवात गरिनेछ ।

१३. कार्यमुलक अनुसन्धान कार्यक्रमलाई प्रोत्साहन तथा शिक्षक र विद्यार्थीहरुको अध्ययन तथा सृजनात्मक क्षमता विकास कार्यक्रमलाई जोड दिइने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. अभिभावक शिक्षा कार्यक्रममा जोड दिई विद्यालयसँगै घरमा विद्यार्थीमैत्री वातावरण सिर्जना गर्ने कार्यलाई जोड दिइनेछ ।

१५. विद्यालय समायोजन प्रोत्साहन तथा पूर्वाधार व्यवस्थापनको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. शैक्षिक क्षती न्यूनिकरणका लागि प्रसुती विदा क्षती न्यूनिकरण कार्यक्रमलाई थप व्यवस्थित गर्नुका साथै स्वयमसेवक शिक्षकको अवधारणा कार्यान्वयन गरिनेछ ।

## युवा तथा खेलकुदः

१७. म युवा मेरो सीप कार्यक्रम मार्फत युवाको सिप विकासमा जोड दिइने नीति लिइनेछ ।

१८. युवा मैत्री स्थानीय तह कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

१९. युवा परामर्श र पुनर्स्थापना कार्यक्रम तथा अपाङ्ग युवाहरुलाई हौसला प्रदान गर्ने कार्यक्रमलाई जोड दिइनेछ ।

२०. खेलाडी उत्पादन तथा क्षमता विकासको लागि भलिबल, क्रिकेट र फुटबलको बन्द क्याम्प लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२१. सेपाक ताक्रो, ब्याडमिन्टन, कराते, तेक्वान्दो र कबड्डी जस्ता खेलहरूको विकासमा जोड दिइनेछ ।

२२. विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनमा जोड दिइनेछ ।

## स्वास्थ्य:

२३. ६८ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई वर्षमा दुई पटक घरघरमै गएर स्वास्थ्य परिक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

२४.सरुवा तथा नसर्ने रोगहरूको  नियन्त्रण र रोकथामलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिनेछ।

२५. नगरबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवालाई निशुल्क र थप प्रभावकारी बनाई आम नागरिकको पहुँचमा पुर्‍याईनेछ

२६. देवचुली नगर अस्पतालमा  आधुनिक प्रयोगशालाऔषधी तथा चिकित्सक ,एक्सरे , घन्टे आकस्मिक सेवालाई प्रभावकारी बनाउनुका साथै २४ सहितकोविशेषज्ञ सहितको स्वास्थ्य सेवालाई निरन्तरता दिइने छ।

२७. सर्पदंश र रेबिज बिरुद्धको उपचार सेवालाई थप व्यवस्थित बनाइनेछ|

२८.कुपोषित बालबालिकाहरुको सघन उपचार र महिलाहरुको स्तन, पाठेघरको क्यान्सरको स्क्रिनिंग (VIA) जाँच तथा पाठेघर खस्ने रोगको लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ |

२९. स्वास्थ्य सस्थाको न्युनतम सेवा मापदण्ड (MSS) लाई थप प्रभावकारी बनाइनेछ।

३०. नगरभित्र सञ्चालनमा रहेका सामुदायिक तथा निजि अस्पताल ,मेडिकल ,स्वास्थ्य क्लिनिक , आयु ,प्रयोगशालार्वेदचस्मा पसल आदिलाई नियमित अनुगमन र नियमन गर्ने व्यवस्था , मिलाइनेछ।

३१. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई प्रदान गरिँदै आएको प्रोत्साहन भत्ता लगायत अन्य सुविधाहरुलाई निरन्तरता दिईनेछ ।

३२. नियमित स्वास्थ्य बिमा तथा विपन्न परिवारलाई लक्षित गरी सञ्चालन गरिने स्वास्थ्य बिमालाई थप व्यवस्थित बनाइनेछ ।

३३. घरमा शुन्य सुत्केरी कार्यक्रमलाई प्रभावकारी बनाउन दुर्गम बस्तीबाट बर्थिंग सेन्टरमा आएर सुत्केरी सेवा लिए बापतको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३४. क्षयरोगमुक्त देवचुली नगरपालिका कार्यक्रमलाई निरन्तरताको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ |

३५. विद्युतीय अनलाइन स्वास्थ्य सूचना प्रणाली )EHMISतथा विद्युतीय आपूर्ति व्यवस्था ( ) प्रणालीELMIS | लाई सबै स्वास्थ्य संस्थाहरुमा विस्तार गरिनेछ (

३६. ५ बर्ष मुनिका सबै बालबालिकाहरुलाई खोप लगाएको सुनिश्चित गरिनेछ |

## महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग

३७. बालमैत्री सूचकहरुको पुनरावलोकन र बाल प्रतिभा पहिचान सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

३८. ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि दिवा सेवा केन्द्र संचालनमा सहयोग पुऱ्याइनेछ ।

३९. सम्वन्धित क्षेत्रका विज्ञ तथा अनुभवी व्यक्तिहरुको ज्ञान, सीप र अनुभव प्रदान गर्ने गरी विद्यालयमा मानवीय पुस्तकालय कार्यक्रमको सुरुवात गरिनेछ ।

४०. ज्येष्ठ नागरिक असल संरक्षकहरुलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

४१. बाल अधिकारबाल संरक्षण तथा बाल विवाह न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु संचालन , गरिनेछ ।

४२. लैङ्गिक हिंसा प्रभावितका लागि लैङ्गिक हिंसा निवारण कोषलाई थप व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गरिनेछ।

४३. महिला अधिकार तथा लैङ्गिक हिंसा र सामाजिक कुरीति विरुद्ध सचेतानमुलक कार्यक्रमहरु संचालन गरिनेछ।

४४. आर्थिक रुपमा विपन्न, सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी ,जनजाती, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायतको आर्थिक सशक्तीकरणका लागि मागमा आधारित आयआर्जन एवम् सीप विकास सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

४५. सुनौला हजार दिनका आमाहरु तथा किशोरीहरुको पोषणको अवस्थामा सुधार गर्न बहुक्षेत्रसँग हातेमालो गर्दै कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## आयुर्वेदः

४६. नसर्ने रोग न्यूनिकरणका लागि नागरिक आरोग्य आयुर्वेद क्लिनिकलाई निरन्तरता दिइनेछ।

४७. आहारशैली परिवर्तन गरी स्वस्थ्य जीवनयापनका लागि भान्सा सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

४८. जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धनका लागि रसायनजन्य आयुर्वेद औषधि तथा आमा र बच्चाको पोषण सुरक्षाको लागि जडिबुटी जन्य आयुर्वेद औषधि वितरणको व्यवस्था मिलाइनेछ।

४९. स्वस्थ जीवनशैलीका लागि योग, ध्यान, सकारात्मक सोच र पञ्चकर्म/पूर्वकर्म, सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

५०. स्थानीय स्तरमा उपलव्ध जडिवुटीहरु लाई गुण र उपयोगिताको आधारमा उचित प्रयोग गर्नका लागि जडिबुटी सम्बन्धी तालिम दिने व्यवस्था मिलाइनेछ।

५१. विभिन्न महामारीहरुलाई लक्षित गरी रोग प्रतिरोध क्षमता बढाउने आयुर्वेद औषधि बितरण तथा आयुर्वेद शिविर सञ्चालन गरिनेछ।

# ख) <u>आर्थिक विकास क्षेत्र</u>

## कृषि विकास:

५२. "नतिजामूखी कृषि प्रविधि प्रणाली" (Result Oriented Agriculture Digitized System) अन्तर्गत निर्माण भएको कृषि एप तथा वेवसाईट सहित डिजिटल कृषक कार्ड को समयानुकुल व्यवस्थापन/नविकरण गरी हेल्लो किसान कार्यक्रम संचालन गरिनेछ।

५३. नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर उन्मुख बनाउन सघन खेती विस्तारका लागि सामूहिक खेती प्रणाली, पकेट विकास कार्यक्रम एवम् व्यावसायिक कृषक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

५४. नगरपालिकामा भएका कृषि उपज संकलन, विक्रि केन्द्र तथा इकाइहरुको स्तरोन्नति गरी कृषि उपजहरुको बजारीकरणमा प्रवर्द्धन गरिनेछ।

५५. कृषि वैज्ञानिकहरुद्वारा कृषकहरुलाई तालिम तथा अनलाइन परामर्श सेवा मार्फत विभिन्न बालीका नयाँ जातहरु, कृषि क्षेत्रमा आविष्कार र विकास भएका नयाँ प्रविधिहरुको प्रसार गरी अनुसन्धान तथा परीक्षण सहित कृषि विज्ञहरुको गोष्ठि तथा सभा सञ्चालन गरिनेछ।

५६. प्राविधिक विद्यालयका विद्यार्थीहरुलाई OJT (On Job Training) मार्फत कृषि अनुसन्धान क्रियाकलापमा परिचालन गरिनेछ।

५७. हरेक घरमा करेसावारी विस्तारको लागि " नगर सवारी घर घरमा करेसाबारी" कार्यक्रम सञ्चालन गरिनेछ।

५८. फलफूल बगैचा र नर्सरी स्थापना, सुधार तथा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

५९. युवा लक्षित व्यावसायिक पुष्प खेतिका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

६०. रोग किरा व्यवस्थापनका लागी एकीकृत शत्रु जीव व्यवस्थापन (Integrated Pest Management-IPM) विधिको प्रयोग गरि आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. जैविक तथा प्राङ्गारिक मलको उत्पादन र प्रयोग तथा जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६२. अनुदानमा उपलब्ध रासायनिक मलको वितरण प्रणाली प्रभावकारी बनाइनेछ ।

६३. प्राकृतिक सिंचाई स्रोत सम्भाव्यता अध्ययन गरी सतह सिंचाईमा विशेष प्राथमिकता दिइनेछ।

६४. नगर खेति अवधारणका रुपमा नगरभित्र बाँझो रहेका जग्गामा तथा सम्भाव्य वन क्षेत्रमा कृषिजन्य बाली प्रवर्द्धन गरिनेछ।

६५. माटो स्वास्थ्य प्रोफाईल निर्माण कार्यक्रम वमोजिम उत्पादन क्षेत्र निर्धारण गरिनेछ ।

६६. माटो परिक्षण प्रयोगशालालाई सुविधा सम्पन्न गराई वडा स्तरीय माटो परिक्षण तथा आकस्मिक एवम् स्थलगत बाली उपचार शिविर सञ्चालन गरिनेछ।

६७. मौरीपालक कृषक प्रवर्द्धनको लागि महको न्युनतम समर्थन मूल्य तोकी नगरपालिकाका कार्यक्रममा मायाको चिनो स्वरुप महको प्रयोग तथा विविध प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. कृषक समुह निर्माण र विस्तार गरी क्षमता विकास कार्यक्रम तथा प्रभावकारी बाली बिमा प्रणाली लागू गरिनेछ ।

६९. उत्कृष्ट कृषक तथा कृषि समूहको पहिचान गरी सम्मान गरिनेछ ।

## पशु सेवाः

७०. पशुपन्छीको कृत्रिम गर्भाधान र उन्नत नश्लसँग प्राकृतिक गर्भाधान मार्फत नश्ल सुधार कार्यक्रम सञ्चालन तथा पशुपन्छी पकेट क्षेत्र सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७१. पशु स्वास्थ्य प्रयोगशालालाई स्तरोन्नती गरी पशुपन्छी रोगको नमुना परीक्षण सेवालाई विस्तार तथा घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

७२. पशुपालन व्यवसाय प्रवर्द्धनको लागि  लागत साझेदारीमा गोठ तथा खोर सुधार कार्यक्रम, निःशुल्क  भेटेरीनरी क्लिनिक, कृषि यान्त्रिकरण कार्यक्रम, निशुल्क औषधी वितरण कार्यक्रम, गाईभैंसीमा बाँझोपन निवारणका लागि घरदैलो लगायतका कार्यक्रमहरु प्रभावकारी रुपमा  सञ्चालन गरिनेछ ।

७३. देवचुली नगरपालिकालाई पुर्ण पशुपन्छी खोपयुक्त नगर बनाउने अभियान सञ्चालन गरिनेछ ।

७४. सामुदायिक कुकुरहरुको स्थायी बन्ध्याकरण र घरपालुवा तथा सामुदायिक कुकुरहरुलाई रेवीज रोग बिरुद्ध खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

७५. सामुदायिक चौपायहरुको उचित व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

७६. पशुपालन सम्वन्धी प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई वडा कार्यालयहरुमा on the job training  मा परिचालन गर्ने तथा पशुपन्छीपालक कृषकहरुको सिप र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

७७. साइलेज उत्पादनका लागि मकै लगायतका घाँस खेती गर्ने कृषकहरुलाई  अनुदानमा आधारित घाँस तथा हाइब्रिड  मकैको बीउ वितरण  गरिनेछ ।

७८. सिमान्तकृत, अल्पसंख्यक समुदाय लक्षित पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. कृषक दर्ता, अभिलेखिकरण तथा कृषक सेवा कार्डको प्रयोगलाई प्रभावकारी गराइनेछ ।

## सहकारी क्षेत्रः

८०. सहकारी क्षेत्रको क्षमता विकास गरी वित्तीय सुशासन कायम गर्न अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ।

८१. नगरभित्रका सहकारीसँग समन्वय गरी जोखिम कर्जा प्रवाहलाई न्यूनिकरण गर्न कर्जा सूचना केन्द्र स्थापना गरिनेछ।

८२. नगरपालिका, नगर सहकारी संजाल, जिल्ला सहकारी संघ लगायत संस्थाहरुको समन्वय तथा साझेदारीमा सचेतना, व्यवस्थापन, लेखा, प्रविधि जस्ता विषयहरूमा तालिम सञ्चालन गरिनेछ।

८३. सहकारी संस्थाहरूलाई कोपोमिस प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाइने तथा सबै सहकारी संस्थाहरुको कारोबारलाई प्रविधिमैत्री बनाउँने नीति लिइनेछ।

८४. आयमूलक, उत्पादनमूलक र रोजगारमूलक क्षेत्रमा लगानी गर्ने सहकारीहरुलाई मापदण्ड बनाई विशेष सहुलियत र सुविधा उपलब्ध गराईनेछ ।

## उद्योग तथा व्यापार व्यवसायः

८५. नगरभित्र सञ्चालनमा रहेका व्यवसायहरुको जोखिम न्यूनीकरण गर्न व्यावसायिक सुरक्षा कोषको स्थापना गरिनेछ।

८६. व्यावसायिक उत्तरदायित्व, आचरण र नैतिकता तथा व्यावसायिक क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

८७. नगरभित्र उद्योग तथा व्यापार व्यवसायको क्षेत्रमा लगानी भित्र्याउन लगानी सम्मेलनलाई जोड दिइनेछ।

८८. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धनको लागि सिप विकास र क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

८९. सघन वजार अनुगमन मार्फत दर्ता तथा नविकरण नभई सञ्चालनमा रहेका व्यापार व्यवसायलाई नियमनको दायरा भित्र ल्याइनेछ ।

## भू-संरक्षण तथा भू-उपयोगः

९०. नगर क्षेत्रका सार्वजनिक जग्गाको संरक्षण, संवर्द्धन र उपयोग गर्ने नीतिलाई प्राथमिकतामा राखिनेछ ।

९१. भू-उपयोग ऐन तथा नियमावली वमोजिम नगरभित्रको जग्गालाई वर्गिकरण गरी कार्यान्वयनमा जोड दिइनेछ ।

९२. सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनको लागि जग्गा नाप जाँच लगायतका कार्यहरुलाई निरन्तरता दिइनेछ ।

## पर्यापर्यटनः

९३. देवचुली परिक्रमा पदमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

९४. नगर भित्रका होमस्टे र पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## राजश्वः

९५. आन्तरिक आय वृद्धिको लागि राजस्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

९६. राजस्व प्रणालीलाई नगरको सेवा प्रवाहसँग आबद्ध गरिनेछ ।

९७. राजस्व संकलनसँग सम्वन्धित कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

९८. कर सप्ताह कार्यक्रम, सन्देशमूलक सूचना, करदाता शिक्षा तथा सरोकारवालहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी राजस्व संकलनलाई प्रभावकारी बनाइनेछ।

९९. कवाडी निकासी करलाई थप व्यवस्थित बनाइनेछ।

## श्रम तथा रोजगारः

१००. सार्वजनिक, निजी, सहकारी तथा अन्य सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्यमा आन्तरिक रोजगारी सृजनालाई महत्व दिई रोजगार समन्वय केन्द्र तथा श्रम डेस्कको .स्थापनाको लागि पहल गरिनेछ।

१०१. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

१०२. कार्यस्थलमा आधारित सिप विकास तालिम लगायतका कार्यक्रम मार्फत बेरोजगार व्यक्तिहरुलाई सिपयुक्त, दक्ष जनशक्तिको रुपमा विकास गरी रोजगारीमा संलग्न गराउन प्राथमिकतामा राखिनेछ।

१०३. वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः स्वीकृतिका लागि अनलाइन आवेदन कार्य एवम् वैदेशिक रोजगार सम्बन्धि सूचना प्रवाहसम्प्रेषण गर्ने कार्यलाई / निरन्तरता दिइनेछ।

१०४. रोजगारीका अवसरहरु पहिचान गर्ने, दक्ष जनशक्ति उत्पादन गर्ने एवम् उद्यम गर्न प्रोत्साहन गर्ने गरी स्थानीय रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## पूर्वाधार विकास

१०५. जटिल, कठिन प्रकारका हेभी मेसिनरी उपकरण,औजार प्रयोग हुने एवम उच्च प्राविधिक ज्ञान, सिप, क्षमता आवश्यक पर्ने १० लाख रकम भन्दा माथिका सम्पूर्ण योजनाहरु बोलपत्रको माध्यमबाट कार्यान्वयन गर्ने नीति लिइनेछ तथा रोजगारी सृजना हुने र हेभी मेसिनरी उपकरण,औजार प्रयोग नहुने २० लाख रकम सम्मका योजना सञ्चालन गर्न उपभोक्ता समितिलाइ दिन सकिनेछ।

१०६. जिल्ला दररेट र स्थानीय बजार दररेटलाई आधार लिई नगर दररेट तयार गरी लागु गर्न सकिनेछ।

१०७. पूर्वाधार निर्माणमा दिगोपना तथा उपभोक्ताको अपनत्व सुनिश्चितताको लागि न्यूनतम १५ प्रतिशत लागत सहभागिता अनिवार्य गराइनेछ भने सार्वजनिक सरोकारका भौतिक संरचना, सार्वजनिक विद्यालय, स्वास्थ्य संस्था, खोप केन्द्र, वडा कार्यालय आदिका लागि १० प्रतिशत लागत सहभागिता गर्ने नीति लिइनेछ।

१०८. पूर्वाधारहरु निर्माण गर्दा बालमैत्री,अपाङ्गमैत्री, वातावरणमैत्री, महिलामैत्री तथा ऊर्जा मैत्री बनाउने नीति लिइनेछ।

१०९. उपभोक्ता समिति मार्फत सञ्चालन हुने ५ लाख भन्दा माथिका आयोजनाहरुबाट भुक्तानी गर्दाका बखत मर्मत सम्भार कोषमा कट्टा गर्ने २ प्रतिशत रकमलाई निरन्तरता गरी पूर्वाधार समितिको सिफारिसमा कोषबाट मर्मत सम्भार गर्ने र सो कार्यको लागि स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ।

११०. उपभोक्ता समिति मार्फत सञ्चालन हुने १० लाख र सो भन्दा माथिका आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि धरौटी वापत ३ प्रतिशत रकम कट्टा गरी मात्र भुक्तानी गर्ने तथा निश्चित समय पश्चात माग बमोजिम नियमानुसार फुकुवा गर्ने नीति लिइनेछ।

१११. नगरपालिका भित्र अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरु बस्तिस्तरबाट माग गर्दाका बखत छनौट गरी प्रदेश तथा संघमा सिफारिस गर्ने योजनाहरु समेत समावेश गरी आयोजना बैंक बनाउने नीति लिइनेछ।

११२. सडक, पुल, खानेपानी, सिँचाई, भवन लगायतका अति आवश्यक पूर्वाधारको नियमित मर्मत सम्भार कार्यको निम्ति वडास्तरबाट पहिचान गरी साना पूर्वाधार मर्मत सम्भार गर्न वडास्तरीय बजेटबाट रकम व्यवस्था गर्ने तथा नगरस्तरीय साना पूर्वाधारको हकमा नगरको पूर्वाधार विकास समितिको स्थलगत निरीक्षण पश्चात प्राप्त सिफारिस बमोजिम कार्यान्वयन गर्ने नीति लिइनेछ।

११३. मानव तथा वन्यजन्तु बीचको द्वन्द निवारण गर्ने प्रयोजनका लागि संघीय सरकारको सहयोगमा तारजाली, मेषजाली, वाल, पोखरी लगायतका भौतिक संरचना निर्माण गरिनेछ।

११४. सडक, नाली लगायतका पूर्वाधार निर्माण गर्दा बिजुलीका पोल, तार र खानेपानी पाइप लाइनलाई व्यवस्थित गर्नको लागि सम्बन्धित पक्षहरुसँग समन्वय गर्ने नीति लिइनेछ।

११५. हरित पूर्वाधार निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।

११६. उज्यालो नगर निर्माण गर्ने प्रयोजनको लागि विद्युत प्राधिकरण तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग आवश्यक समन्वय र सहकार्य गरी सडक पेटीमा सडक बत्ति जडान गर्न आवश्यक पहल तथा क्रमागतलाई निरन्तरता दिइनेछ।

११७. योजनाको लागत, तोकिएको गुणस्तर तथा भुक्तानीमा सहजताको लागि योजना सफ्टवेयर प्रयोग गरी व्यवस्थित अभिलेख तयार गरिनेछ।

११८. ६ मिटर भन्दा कम चौडाइ भएका बाटाहरुमा राष्ट्रिय नीति, निर्देशन बमोजिम सहमति प्राप्त पश्चात मात्र प्रकृया अगाडि बढाउने नीति लिइनेछ ।

११९. सडक पेटीमा अनधिकृत रुपमा राखिएका निर्माण सामग्रीहरु तथा पोल, तार, खानेपानी, विजुली, टेलिफोन ,सञ्चार लगायतका संरचनाहरु निर्माण वा मर्मत कार्य गर्दा कालोपत्रे

गरिएका सडकलाई हुन जाने क्षतिको न्यूनीकरण गर्न सम्वन्धित पक्षलाई जिम्मेवार बनाउने नीति लिइनेछ।

१२०. ऊर्जा प्रभावकारी भवन एवम् जलवायु अनुकुलन अनुरुपको डिजाइनलाई प्रोत्साहन गर्न भवन निर्माण मापदण्ड संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ।

१२१. अनिवार्य रुपमा घर नक्सा पास गरेर मात्र भवन निर्माण गर्ने नीति कडाइका साथ लागु गरिनेछ।

१२२. निजी तथा सामुदायिक र सार्वजनिक भवनहरुले राष्ट्रिय राजमार्गको क्षेत्रमा भवन निर्माण गर्दा अन्डरगराउण्ड पार्किङ्ग सहितको नक्सा पास गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१२३. सडक मापदण्ड, भवन आचारसंहिता सहितको नगर विकास गर्न नगर यातायात गुरुयोजना (MTMP) को पुनरावलोकन गरिनेछ।

१२४. अति सिमान्तकृत समुदाय केन्द्रित घर मर्मत कार्यलाई जोड दिइनेछ।

१२५. खानेपानी तथा सरसफाइ र स्वच्छता (WASH) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२६. प्रत्येक घरमा खानेपानीको धारा जडान भएको वडालाई 'एक घर एक धारा' पूर्ण वडा घोषणा गर्ने नीति लिइनेछ।

## ग) वन, वातावरण तथा विपद् व्यवस्थापन

१२७. फोहोरमैलाको दिगो व्यवस्थापन कार्यलाई नगर गौरवको योजनाका रुपमा निजी क्षेत्रसँगको साझेदारीमा अगाडि बढाइनेछ।

१२८. नगरवासीको पहुँच हुने गरी वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सूचनामूलक कार्यक्रमहरु सञ्चालन तथा प्रसारण गरिनेछ।

१२९.सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी जोखिम न्युनिकरणका लागि सुरक्षा निकायसँगको समन्वयमा कार्य अगाडी बढाइनेछ ।

१३०.नगरक्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, कलकारखानाको अनुगमन तथा नियमनको लागि वातावरण निरीक्षकको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

१३१. प्राकृतिक स्रोतको दिगो उपयोगको लागि सम्भावनाका आधारमा ताल, पोखरी लगायतका सम्पदाहरुको संरक्षण तथा विकास गरी एकीकृत र वातावरणमैत्री व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१३२. वातावरण संरक्षण, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै चरणहरुमा समावेशी अवधारणा अनुरुप महिला बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, आर्थिक सामाजिक रुपमा पछाडी परेको समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी संलग्नता सुनिश्चित गरिने छ ।

१३३. नगरक्षेत्र भित्रका खाली सार्वजनिक ठाउँको संरक्षण गर्नको लागि तारबार तथा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने नीति लिइनेछ।

१३४. नगरक्षेत्र भित्र बाढी, पहिरो, खडेरी, चट्याङ्ग, हावाहुरी, शितलहर, आगलागी, महामारी लगायतलाई समेटेर विगतको घटना र पूर्वानुमानको आधारमा “ स्थानीय विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना” निर्माण गरी लागु गरिनेछ ।

१३५. विपद् व्यवस्थापन कोषलाई उद्देश्यमूलक, यथार्थपरक तथा मितव्ययी तवरले खर्च गर्न कार्यविधि तथा मापदण्डहरुलाई थप प्रभावकारी बनाई लागु गरिनेछ।

१३६. विपद् पूर्व तयारी, खोज तथा उद्धार र राहतलाई भरपर्दो र प्रभावकारी बनाउन **Rapid Response Team** गठन गरिनेछ।

## घ) संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह

### संस्थागत विकासः

१३७. स्रोत तथा साधनको समुचित प्रयोग गर्न प्रशासनिक तथा व्यस्थापकीय व्ययभारलाई समेत मध्यनजर गर्दै वडाहरुको प्रशासनिक विभाजन र सीमामा पूर्नविचार गरी वडाको संख्या घटाउनेतर्फ प्रक्रिया अगाडि बढाइनेछ ।

१३८. सेवा प्रवाहमा संलग्न कर्मचारी तथा जनप्रतिनीधिहरुको सीप, ज्ञान र क्षमता विकासमा जोड दिई सक्षम र सबल बनाउने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३९. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सेवा इकाईबाट संचालित कार्यक्रम र प्रदेश तथा स्थानीय सहयोग कार्यक्रमलाई निरन्तरता दिने गरी जनशक्ति व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

१४०. छिमेकी स्थानीय तहबीच साझा सरोकारका विषयहरु पहिचान गरी संयुक्तरुपमा कार्यान्वयनका लागि पहल गरिनेछ ।

१४१. न्यायिक समितिका कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउन स्रोत साधनको पर्याप्त व्यवस्था सहित समितिका पदाधिकारीहरु र मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. मेलमिलाप केन्द्र तथा न्यायिक निरुपणमा सहजता ल्याउन टोल विकास संस्थाका पदाधिकारीहरुलाई मेलमिलाप तथा न्यायिक निरुपण सम्बन्धी कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

१४३. तालिम प्राप्त मेलमिलापकर्तालाई नविकरण तथा सूचिकृत गर्ने व्यवस्था मिलाइनेछ ।

१४४. वडा कार्यालय सञ्चालनको लागि आवश्यक जनशक्ति र बजेट व्यवस्थापन गरिनेछ ।

१४५. नगरपालिकाबाट प्रदान गरिने आधारभुत सेवामा सहजताको लागि आवश्यक जनशक्ति व्यवस्थापन गरी नागरिक सेवा कक्षको स्थापना गरी सेवा प्रवाह गरिनेछ।

१४६. वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, खानेपानी र वन उपभोक्ता संस्थाहरुमा सूचना अधिकारीको व्यवस्था गर्ने र स्वतः प्रकाशनलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१४७. नगरपालिकालाई आवश्यक ऐन, कानूनहरु निर्माण गर्दै निर्मित कानूनहरुलाई क्रमशः अद्यावधिक गर्दै लगिनेछ।

१४८. खानेपानी उपभोक्ता संस्थाहरुको क्षमता विकास तथा खानेपानीको गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ।

१४९. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरी सामाजिक, आर्थिक लगायतका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

## सुशासनः

१५०. स्वीकृत वार्षिक नीति, बजेट तथा कार्यक्रमको त्रैमासिक विभाजन सहितको कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

१५१. बेरुजुलाई न्यूनिकरण गर्न बेरुजु फछ्यौंट सुधार योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१५२. वित्तीय जोखिम न्यूनिकरण गर्न वित्तीय सुशासनका औजारहरुको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। साथै संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५३. नगरको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१५४. नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण कार्य र जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रभावकारी बनाउन मिडिया साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१५५. सेवा प्रवाह र विकास निर्माण कार्यलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ।

१५६. निर्माण र खरीद प्रक्रियालाई बढी पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन **E-Bidding** प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।

१५७. सेवाग्राहीहरुको सन्तुष्टि मापन गर्न नागरिक सन्तुष्टि सर्वेक्षण प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

१५८. समग्र विकासलाई दिशा निर्देशको लागि नगरको आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

## सेवा प्रवाहः

१५९. कार्य सम्पादनलाई छिटो छरितो, प्रविधिमैत्री, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गर्न सूचना तथा प्रविधिको प्रयोगलाई जोड दिइनेछ।

१६०. नगरपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी सक्षमताको आधारमा सेवा करार गरिनेछ।

१६१. नगरपालिका अन्तर्गत करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोष प्रणालीमा आवद्ध गरिनेछ।

१६२. संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक कानून निर्माण गरी दरबन्दी अनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाईनेछ।

१६३. सम्पूर्ण विषयगत शाखाहरुबाट मासिक रुपमा सम्पादित कार्यहरुको विवरण संकलन गर्ने मासिक प्रतिवेदन प्रणालीको विकास गरी अभिलेख व्यवस्थापनलाई चुस्त पार्न पहल गरिनेछ।

## सञ्चार तथा सूचना प्रविधिः

१६४.	नगरपालिकाका विकास गतिविधि, सेवा प्रवाह र सामाजिक परिचालन लगायतका नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाइ कार्यालयको वेबसाइट मार्फत नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

१६५. सम्बन्धित निकायसँगको समन्वय र साझेदारीमा नगरपालिका भित्रका मुख्य मुख्य सार्वजनिक स्थलहरुमा फ्रि वाइफाइको व्यवस्थाका लागि पहल गरिनेछ ।

१६६. नगरपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालनका लागि जोड दिइनेछ ।

१६७. एकीकृत हाजिरी व्यवस्थापन प्रणाली जडान, इन्टरनेट, डिजिटल डिस्प्ले बोर्ड, सूचना पाटी, नागरिक वडापत्र सम्बन्धी कार्यलाइ अझै प्रभावकारी बनाउन नयाँ प्रविधि जडान तथा विस्तारलाइ निरन्तरता दिइनेछ ।

१६८.	नगरभित्रका जोखिम स्थानहरुमा सि सि क्यामेरा जडान गरी नगरको शान्ति सुरक्षालाई सुदृढ बनाउने कार्यलाइ निरन्तरता दिईनेछ।

१६९. प्रत्येक वडाको स्रोत नक्शा र नगरपालिकाको डिजिटल प्रोफाइल निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बनाइनेछ ।

## सामाजिक सुरक्षा तथा पन्जीकरणः

१७०. सामाजिक सुरक्षा भत्ता प्रभावकारी बनाउन प्रथम त्रैमासिकको शुरुबाट अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र तथा बायोमेट्रिक भेरिफिकेशन सहितको नवीकरण गर्ने व्यवस्था गरिनेछ ।

१७१. अनलाइन प्रणाली लागु हुनुपूर्वका घटनादर्ता अभिलेखहरु डिजिटाइजेशन प्रणाली मार्फत सबै वडाहरुबाट विवरणहरु पूर्ण रुपमा अपडेट हुनेगरी लागु गराईनेछ ।

१७२. अभियानको लागि नमुना वडा छनौट गरी पाइलट "पूर्ण अनलाईन घटनादर्ता नगर" प्रोग्रामको रुपमा शिविर सञ्चालन गर्दै सबै वडाहरुमा क्रमशः कार्यान्वयन गरिनेछ ।

१७३. शैक्षिक सत्र २०८२ मा सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थी भर्ना गर्दा भर्ना कार्यक्रममा १३ अंक सहितको अनलाइन जन्मदर्ता अनिवार्य गराइनेछ ।

१७४. सामाजिक सुरक्षा तथा घटनादर्ता प्रणालीका सूचना फारम, दर्ता रजिष्टर लगायतका अभिलेख व्यवस्थापनको पञ्जीकरण पुस्तिका निर्माण गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमले नगरवासीको चाहना वमोजिम विकास कार्य अगाडि बढाउन मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु । नगरको समग्र विकासको लागि योगदान गर्नुहुने राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सञ्चार जगत, नागरिक समाज, गैर सरकारी क्षेत्र तथा सम्पूर्ण नगरवासी प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद**

**हरि प्रसाद न्यौपाने**

**नगर प्रमुख**